# Safer Together

थप जानकारीको लागि QR कोड स्क्यान गर्नुहोस् वा **police.qld.gov.au/SaferTogether** मा जानुहोस्

स्थानीय अपराध तथा सुरक्षा जानकारीका बारेमा अद्यावधिक रहनका लागि फेसबुकमा myPolice लाई पछ्याउनुहोस् ।
**police.qld.gov.au/stay-connected**




# प्रसारण च्यानलहरू

**आपतकालिन (ईमरजेन्सी)**
**तीन शून्य (000)**
अहिले अपराधिक गतिबिधि भइरहेको छ

**प्रहरी लिङ्क (Policelink):**
अनलाइन मार्फत अपराध रिपोर्ट गर्नुहोस् वा 131 444 मा फोन गर्नुहोस्
**police.qld.gov.au/reporting**

**क्राइम स्टपर्स (Crime Stoppers)**
अत्यावश्यक नभएका आपराधिक गतिविधि वा शंकास्पद गतिविधिको बेनामी खबर गर्न
1800 333 000
**crimestoppersqld.com.au**

© क्वीन्सल्याण्ड राज्य (क्वीन्सल्याण्ड प्रहरी सेवा) 2024 CC BY 4.0 अन्तर्गत इजाजतपत्र प्राप्त छ । यस कागजातमा सबै क्वीन्सल्याण्ड पुलिस सेवा सामग्री – ट्रेडमार्कद्वारा सुरक्षित गरिएको कुनै पनि सामग्री बाहेक , र अन्यथा उल्लेख नभएसम्म http://creativecommons.org/licenses/by/4.0/legalcode अन्तर्गत इजाजतपत्र प्राप्त छ।



Queensland Government

# Safer Together

## मिलेर काम गरेर हामीले हाम्रो समुदायलाई सुरक्षित र लचिलो बनाउन मद्दत गर्न सक्छौं ।



## Personal Safety

Queensland Government

# Safer Together

जब हामीले देख्न सक्ने क्षमता बढाउँदैछौं, हामी Queensland क्षेत्रमा र बाहिर हुँदा मानिसहरूले आफ्नो व्यक्तिगत सुरक्षालाई बढाउन  सक्ने दैनिक तरिकाहरूको बारेमा अन्तरज्ञान पनि साझा गर्दैछौं ।

## यहाँ ६ दैनिक तरिकाहरू छन् जसबाट हामी सबै साथमा सुरक्षित हुन सक्छौं ।

### 1. आफ्नो वरपरको बारेमा सचेत रहनुहोस्




शंकास्पद व्यवहार पहिचान गर्नका लागि आफ्नो वरपरको बारेमा सचेत रहनुहोस् । हेर्नुहोस्, सुन्नुहोस्, र सुरक्षित स्थानहरू वा मद्दत गर्न सक्षम हुन सक्ने व्यक्तिहरू पत्ता लगाउनुहोस् ।

### 2. व्यक्तिगत सुरक्षा सञ्जाल विकास गर्नुहोस्

सजिलोका लागि तपाईं यसलाई आफ्नो पर्स वा वालेटमा राख्न सक्नुहुन्छ ।

**आपतकालिन .............तीन शून्य (000)**

**Policelink(गैर अत्यावश्यक) ..............131 444**

**CRIME STOPPERS QLD (बेनामी.......1800 333 000**

**परिवार/ साथी.....................................................**

तपाईं असुरक्षित महसुस गर्ने अवस्थामातपाईंले कसलाई फोन गर्न सक्नुहुन्छ भनेर जान्नु महत्त्वपूर्ण छ । यदि तपाईं तत्काल खतरामा हुनुहुन्छ भने सधैं तीन शून्य (OOO) मा फोन गर्नुहोस् ।

### 3. बहुमूल्य वस्तुहरु कम बोक्नुहोस्

**यदि चोरहरूले चाबी देखेनन् भने, तिनीहरूले के चोर्ने भनेर थाहा पाउने छैनन् ।**



ठूलो रकम र बहुमूल्य वस्तुहरू सकेसम्म नबोक्नु उत्तम हुन्छ र यसले तपाईंको वस्तुहरू चोरी हुने जोखिम कम गर्दछ । घरका र कारका चाबीहरु पहुँचयोग्य तर नदेखिने ठाउँमा  राख्नुहोस् ।

### 4. टकराव गर्ने वा शंकास्पद व्यक्तिहरूबाट टाढा रहनुहोस्

**छोडेर हिड्नुहोस्।**



तपाईंलाई कसैले पछ्याउँछ अथवा कुनै व्यक्ति वा समूहले तपाईंलाई असहज बनाइरहेको महसुस गर्नुहुनछ भने, अर्को दिशामा हिडिनुहोस्, वा अन्य व्यक्तहिरूसँग छोटो दूरीसम्म संगै हिडिनुहोस्।

### 5. राम्ररी उज्यालो देखिने र मान्छेहरु भएको क्षेत्रमा हिंड्नुहोस्

**सँगै, सुरक्षित भएर हिंड्नुहोस् ।**



सम्भव भएसम्म राम्ररी उज्यालो देखिने र मान्छेहरु भएको क्षेत्रमा हिंड्नुहोस्, साथी वा समूहसँग हिँड्ने लक्ष्य राख्नुहोस् ।

### 6. मोबाइल फोन, सीटी, वा व्यक्तिगत अलार्म बोक्नुहोस्



**चिच्याउनुहोस् र बताउनुहोस्!**

सबैलाई सुरक्षित महसुस गर्ने अधिकार छ, त्यसैले यदि तपाईं असुरक्षित महसुस गर्नुहुन्छ भने, तुरुन्तै आफूलाई परिस्थितिबाट हटाउने र सहयोगको लागि फोन गर्ने लक्ष्य राख्नुहोस् ।